आर्थिक वर्ष २०७५।७६

को

# बजेट वक्तव्य

मोदी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउपुर, पर्वत

२०७५

**मोदी गाउँपालिकाको तर्फबाट तेश्रो गाउँसभामा गाउँसभा उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक श्री सेती महतज्यूबाट प्रस्तुत गरिएको आर्थिक वर्ष ०७५/०७६ को प्रस्तावित बजेट वक्तव्य**

श्रद्धेय यस गरिमामय **सभाका अध्यक्ष ज्यू,**
गाउँ सभाका सम्पूर्ण सदस्य ज्यूहरु,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
विषयगत शाखाका प्रमुख ज्यूहरु
सम्पुर्ण राष्ट्रसेवक कर्मचारी साथीहरु र संचारकर्मी मित्रहरु,
लगायत उपस्थित सम्पूर्ण सहभागीहरुलाई गाउँसभामा आ.व.०७५।७६ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकका तर्फबाट हार्दिक स्वागत गर्दै यो ऐतिहासिक अवसर मलाई प्राप्त भएकोमा म आफुलाई गौरवान्वित ठानेकी छु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्यज्यूहरु,**

१. सर्वप्रथम मुलुकमा लोकतन्त्रिक गणतन्त्रको स्थापनाका लागि नेपाली जनताले पटक पटक गरेका ऐतिहासिक जनआन्दोलनको क्रममा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाई गर्नु हुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

२. वर्तमान सरकारले “**समृद्ध नेपाल सुखी नेपाली**” बनाउने जुन दीर्घकालीन उद्देश्य राखेको छ र त्यही दिर्घकालिन उद्देश्य पुरा गर्नका लागि आर्थिक सामाजिक विकासको मौलिक ढाँचामा अघि वढिरहेको छ । सवै गाउँवासीका लागि मर्यादित काम, न्युनतम खाद्य सुरक्षा, आधारभुत स्वास्थ्य शिक्षाको सुविधा, वडा कार्यालयको केन्द्र सम्म सहज सडक, स्वच्छ खानेपानी र सुरक्षित आवास जस्ता आवश्यकताहरुको परिपुर्ति र हाम्रो समाजबाद तर्फको यात्राको प्रस्थान विन्दु हुनेछ ।

३. आगामी आर्थिक वर्षको वजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, विनियोजन विद्येयक २०७५ को सिद्धान्त र प्राथमिकता, स्थानीय सरकार संचालन ऐन २०७४, मोदी गाउँपालिकाको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो

विकास लक्ष्य र गाउँसभामा सदस्यहरुले दिनु भएका सुझावहरुलाई मार्गदर्शनको रुपमा लिएकी छु । बिभिन्न राजनीतिक दल, संघ संस्था, विद्वत् वर्ग र स्वदेश तथा विदेशमा रहनु भएका दिदी-बहिनी, दाजुभाईहरुबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत ध्यान दिएकी छु ।

४. जनआकांक्षा सम्वोधन गर्ने क्रममा सीमित बजेटबाट असिमित मागहरु सम्वोधन गर्नु निश्चय नै सहज छैन तापनि मेरा बलवुताले भएसम्म ठुला, दिगो विकासमा टेवा पुग्ने र गाउँबासीको जिवन स्तरलाई माथी उठाउने प्रकृतिका योजनाहरुलाई प्राथमिकतामा राखी बजेट विनियोजन गर्ने प्रयास गरेकी छु ।

५. आर्थिक वृद्धि, सामाजिक न्याय, सुशासनको प्रत्याभूति, विकासमा दिगोपना लगायतका क्षेत्रमा थुप्रै चुनौतीहरुलाई सम्वोधन गर्नेक्रममा प्राप्त मागहरुलाई संघीय सरकार र प्रदेश सरकारको कार्यक्रमहरुसंग समन्वय र साझेदारीमा समेत अगाडि बढाईनेछ ।

६. स्थानीय तहको विकासका माध्यमद्वारा अपेक्षित उद्देश्यहरु हासिल गर्न जननिर्वाचित प्रतिनिधिहरुको कुशल नेतृत्व अति नै आवश्यक भए बमोजिम नेपालको संविधान २०७२ ले स्थानीय सरकारको परिकल्पना गरे अनुसार २०७४ बैशाख ३१ गते आम निर्वाचन सम्पन्न भई यस गाउपालिकाको नेतृत्व सम्हालेको १ वर्ष पुरा भएको छ । गाउँपालिकाको विकास तथा स्थानीय तहको संचालनमा यस अगाडि राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायबाट प्राप्त गरेका रचनात्मक एव सृजनात्मक सहयोगका लागि म सबै प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधिलाई यस्तै सहयोगको निरन्तरताको अपेक्षा गर्दछु । साथै हामी जननिर्वाचित सबै सदस्यहरु फुटेर होइन जुटेर बहुमतिय होईन सहमतिय अभ्यासबाट एक भई अगाडि बढ्ने छौ भन्ने प्रण गर्दछु ।

**श्रद्धेय अध्यक्ष एवं सदस्य ज्यूहरु,**

७. **"मोदी गाउँपालिकाको विकासका पाँच आधारः जलविद्युत, कृषि, पर्यटन, पर्यावरण र भौतिक पुर्वाधार "** भन्ने मोदी गाउँपालिकाको दीर्घकालिन सोचलाई सार्थक पार्ने प्रयत्नका साथ आगामी आ.व.को लागि यस बजेटले समेटेका मुख्य उद्देश्य, क्षेत्र तथा मोदी गाउँपालिकाका गौरवका योजनाहरु तपसिल बमोजिम रहेको अवगत गराउन चाहान्छु ।

- अर्थतन्त्रलाई उत्पादनमूखी, रोजगारी प्रर्वद्धन, आत्मनिर्भर र निर्यातमूलक बनाउन उपलब्ध स्रोत साधनको दिगो व्यवस्थापनबाट उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।
- उर्जा, पर्यटन, वन, कृषि, पशुपालन, फलफुल, उद्योग र भौतिक पूर्वाधार विकासलाई मुख्य रुपमा विकासको आधार बनाईने ।
- मोदी गाँउपालिका सबै वडालाई सुन्तला जोनको रुपमा विकशित गर्दै जाने ।
- मोदी गाँउपालिकामा माछापालन व्यवसायलाई व्यवसायिकिकरण गर्न फिस हबको निर्माण गर्ने ।
- आर्थिक सम्बृद्धिका लागि लघुउद्यम कार्यक्रम संचालन गर्ने ।
- मोदी चक्रपथ निर्माण गर्ने ।

**गाउँसभाका अध्यक्ष महोदय,**

८. प्रस्तुत बजेट समृद्ध मोदी निर्माणको लक्ष्य तथा सीमित साधनको अति उत्तम परिचालन मार्फत मोदीको समग्र विकास गर्ने उद्देश्यका साथ तर्जुमा गरेकी छु ।

९. बजेटमा गाउँपालिकाले आफै निर्णय गरी विनियोजन गर्ने रकमको सन्दर्भमा साविककै तपसिल बमोजिमका क्षेत्रहरुलाई प्राथमिकतामा राखेकी छु ।

- पूर्वाधार विकास
- आर्थिक विकास
- सामाजिक विकास
- संस्थागत विकास, सेवा प्रवाह र सुशासन
- वन, वातावरण र विपद व्यवस्थापन

<u>पूर्वाधार विकास</u>

१०. मोदी गाउँपालिकाका गौरवका योजनाहरु मध्ये मोदी चक्रपथ निर्माणको लागि सो चक्रपथ अर्न्तगतको रतिखोला दराक चित्रे सडक खण्डको लागि ४० लाख बजेट विनियोजन गरेकी छु । त्यसैगरी मोदी गाउँपालिका अन्तर्गत १ नं. वडामा पर्ने लाम्दुवाली लप्सीबोट सडक स्तरोन्नती, देउपुर सामुदायिक भवन निर्माण,

घुरुङसेरा सामुदायिक भवन निर्माण, हलहले बाजुङ मोटरबाटो निर्माण, पातिचौर बाजुङ बस्ने गाउँ मोटरबाटो, पशुपति मा.वि. भवन निर्माण ग्रामिण सडकहरुको नियमित मर्मत संभार तथा स्तरोन्तीको लागि पूर्वाधार विकासमा रु. ३ करोड ६४ लाख ७० हजार बजेट विनियोजन गरेकी छु।

११. बिभिन्न पदमार्गहरु जस्तै महभिर देखी मोहोरेडाडा पदमार्ग, वेतेनी टापु बडरे गैराथोक राम्चे दाना ओखले पानी चौर देउराली खुरखुरेडाडा कोटथोक पातिचौर भमरकोट पदमार्ग निर्माणको लागि बजेट विनियोजन गरेकी छु।

स्वास्थ्य

१२. मोदी गाउँपालिकाको ८ वडा मध्ये ३ वडामा अझै स्वास्थ्य चौकी भवन निर्माण गर्न बाँकी रहेकोमा संघीय सरकारसंग समन्वय गरी उक्त स्वास्थ्य चौकी भवनको निर्माण कार्य अगाडी बढाईने छ।

१३. मोदी गाउँपालिका भित्र स्वास्थ्य संस्था संचालनको लागि औषधी खरिदका लागि १८ लाख र कार्यालय संचालनको लागि बजेट विनियोजन गरेकी छु साथै दुर्गम क्षेत्रमा टेली मेडिसिन सेवाबाट डाक्टरहरुको पहुँच बढाउन आवश्यक बजेट विनियोजन गरेकी छु।

शिक्षा

१४. मोदी गाउँपालिका भित्र नमूना विद्यालय स्थापनाको लागि आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधारहरुको व्यवस्था गरेकी छु। प्रत्येक माध्यामिक विद्यालयहरुमा एउटा कम्प्यूटर प्रयोगशाला निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकी छु। नमूना मा.वि.को स्कुल बस खरिद, विद्यालयहरुको भवन मर्मत, शिक्षकहरुलाई निरन्तर मुल्याङ्कन, कम्प्यूटर लेखा व्यवस्थापन गर्नको लागि तालिम संचालन गर्न आवश्यक ५७ लाख बजेट विनियोजन गरेकी छु।

१५. मोदी गाउँपालिका भित्र भलिवल, फुटवल, क्रिकेट, बास्केटवल, व्याडमिन्टन खेलको माध्यम स्वास्थ्यका लागि खेलकुद कार्यक्रम संचालन गर्नको लागि रु. ४४ लाख ५० हजार विनियोजन गरेकी छु।

लैंगिक समानता तथा सामाजिक विकास तर्फ:

१६. मोदी गाउँपालिका भित्र जेष्ठ नागरिकहरुको जिवनयापन सहज बनाउन जेष्ठ नागरिक विश्राम स्थल तथा दिवा सेवा कार्यक्रम संचालनको साथै जेष्ठ नागरिक सम्मान कार्यक्रमको लागि बजेट विनियोजन गरेकी छु।

१७. लैंगिक हिंसा सचेतना मुलक कार्यक्रमको साथै अपाङ्ग, अल्पसंख्यक, अति विपन्न, दलित र जनजातिको लागि सीप विकास तालिम तथा प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम संचालनको लागि २५ लाख बजेट विनियोजन गरेकी छु ।

१८. मोदी गाउँपालिका भित्र युवा युवतीहरुलाई रोजगारीमा आकर्षित गर्न लोकसेवा र शिक्षक सेवा आयोगका तयारी कक्षा संचालन गर्न बजेट विनियोजन गरेकी छु ।

१९. मोदी गाउँपालिकालाई आगामी ४ वर्ष भित्र बालमैत्री पूर्वाधार सहितको गाउँपालिका घोषणा तयारीका लागि रु. २० लाख विनियोजन गरेकी छु ।

<u>आर्थिक विकास तर्फः</u>

२०. मोदी गाउँपालिका भित्र आर्थिक विकास मार्फत जनताको जीवनस्तरमा सुधार ल्याउने तथा प्रत्यक्ष लाभान्वित हुने विभिन्न कार्यक्रममा बजेट बिनियोजन गरेकी छु ।

२१. मोदी गाउँपालिकाभित्र रहेका सहकारीहरुको अभिलेखीकरण र अनुगमनका साथै सहकारी मार्फत कृषि बजार प्रवर्द्धनका लागि गर्न लागि ८ लाख बजेट विनियोजन गरेकी छु ।

२२. मोदी गाउँपालिकालाई दुध, अण्डा र मासुमा आत्म निर्भर बनाई रोजगारी सृर्जना गर्न, पशु नश्लमा सुधार, व्ययवसायीकरण गर्न को लागी पशुसेवा कार्यक्रममा **रु.६२ लाख** विनियोजन गरेकी छु ।

२३. कृषिको लागि अत्यन्त उर्वर मानिएको यस मोदी गाउँपालिकामा कृषिमा यन्त्रीकीकरण गर्न बजेट विनियोजन गरेकी छु । सुन्तला जोन, फिस हब जस्ता कार्यक्रमका साथै युवालाई कृषिमा आकर्षण गर्न युवा स्वरोजगार कार्यक्रम, साना सिंचाई कार्यक्रम, कृषक राहतकोष, एक घर एक टनेल कार्यक्रम लगायतका कार्यक्रमका लागि कृषि क्षेत्रमा **रु. ८४ लाख** रकम विनियोजन गरेकी छु ।

<u>उद्योग तथा वाणिज्यः</u>

२४. मोदी गाउँपालिकामा लघुउद्यम विकास कार्यक्रमको लागि **रु. ५० लाख** विनियोजन गरेकी छु । यस गाउँपालिका भित्र मदिरा नियन्त्रण गर्न बजेट विनियोजन गरेकी छु ।

<u>पर्यटन तर्फ</u> :

२५. मोदी गाउँपालिका भित्र पर्यटकीय स्थलहरुको खोजी गरी यसको विकास गर्न जलजला ताल, चित्रे बौद्ध गुम्बा र बाजुङ मुसीरानी दरबारको अध्ययन अनुसन्धान गर्न आवश्यक बजेट विनियोजन गरेकी छु । स्थानीय स्तरमा रोजगारी

सृजना गरी आय आर्जनमा टेवा पुऱ्याउन भुकताङ्ले, बाजुङ, राम्जा र चित्रेमा होम-स्टे संचालन तथा विभिन्न मठमन्दिर, भुमेथान, कोटको नियमित मर्मत सम्भार तथा संरक्षणको लागि रु. ६४ लाख २० हजार बजेट विनियोजन गरेकी छु ।

बन तथा वातावरण तर्फः

२६. मोदी गाउँपालिकालाई स्वच्छ र हराभरा बनाउन स्थानीय स्तरमा नर्सरी व्यवस्थापन र बृक्षारोपण कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेकी छु साथै मोदी जलाधार संरक्षण कार्यक्रम, बन वातावरण तथा जलबायु परिवर्तन अनुकुलन सम्बन्धी कार्यक्रम र फोहोरमैला व्यवस्थापनको लागि १४ लाख ४० हजार बजेट विनियोजन गरेकी छु ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

२७. मोदी गाउँपालिकाले प्रदान गर्ने सेवा छिटो, छरितो र सेवाग्राही मैत्री बनाउन डिजिटल नागरीक वडापत्र, जनताको घर दैलोमा पुगी सेवा प्रवाह गर्न, सम्पूर्ण वडाहरुमा ईन्टरनेटको व्यवस्था गरी ई-गभरनेन्स सेवा र सुशासनको प्रत्याभूति गर्न सार्वजानिक सुनवाई, सामाजिक परिक्षण लगायतका कार्य गर्नका लागि रु. **३५ लाख** रकम विनियोजन गरेकी छु ।

आदरणीय अध्यक्ष ज्यू

अब म मोदी गाउँपालिकाको **आर्थिक वर्ष ०७५/७६** को समग्र क्षेत्रगत प्रस्तावित कार्यक्रम र बजेटको सार संक्षेप प्रस्तुतिका लागि अनुमति चाहन्छु ।

## आय तर्फ :

नेपाल सरकार राजश्व बाँडफाँड तर्फ रु. ५, ७८, ६८,०००।- (**५ करोड, ७८ लाख, ६८ हजार**), प्रदेश सरकारको राजश्व बाँडफाँड रु. ३०, ३७, ०००।- ( **३० लाख, ३७ हजार**) **नेपाल सरकारको वित्तिय समानीकरण** रु. ७, ७४, ००,०००।-( **७ करोड, ७४ लाख**), प्रदेश सरकारको वित्तिय समानीकरण तर्फ रु. १,१३,४५,०००।- (**१ करोड, १३ लाख, ४५ हजार**) **आन्तरिक आय तर्फ कर, सेवा शुल्क र दस्तुर, राजश्व बाँडफाँड र रोयल्टी** समेत जम्मा रु. १, १२, ००,०००।- (**१ करोड, १२ लाख**), नेपाल सरकार सशर्त अनुदान तर्फ २०, २७, ००, ०००।-, (**२० करोड २७ लाख**) गरी जम्मा **कूल आय** रु.३६, ३५, ५०, ०००।- (**३६ करोड ३५ लाख ५० हजार मात्र**) अनुमान गरिएको छ ।

व्यय तर्फ

चालु खर्च  तर्फ :

नेपाल सरकार र प्रदेश सरकारको **वित्तिय समानीकरण** र राजश्व बाँडफाँडबाट प्राप्त रकमको चालु रु. ३, ७४, ००,०००।- (**३ करोड ७४ लाख**), **आन्तरिक आयबाट** रु. १, ०२, ००,०००।-, (**१ करोड, २ लाख**),  र **सशर्त अनुदान** रु.२०, २७, ००, ०००।- (**२० करोड, २७ लाख**) गरि जम्मा चालु खर्च तर्फ **कूल व्यय** रु. २५, ०३, ००, ०००।- (**२५ करोड ०३ लाख**) अनुमान गरिएको छ ।

पुँजिगत खर्च तर्फः

नेपाल सरकार र प्रदेश सरकारको **वित्तिय समानीकरण**, राजश्व बाँडफाँड बाट प्राप्त रकम र आन्तरिक आय समेत गरी **पुँजीगत खर्च तर्फ रु. ११, ३२, ५०, ०००।-** (**११ करोड, ३२ लाख, ५० हजार**) अनुमान गरिएको छ ।

अन्त्यमा, यो बजेट निर्माण कार्यमा संलग्न रही सहयोग पुऱ्याउनु हुने सम्पूर्ण जन-प्रतिनीधिज्यूहरु, कर्मचारी मित्रहरु, नागरिक समाज, वौद्धिक वर्गका साथै समग्र मोदी गाउँवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दै यो वजेटको सफल कार्यान्वयनमा सवै पक्षको पूर्ण सहयोग रहने अपेक्षा गरेकी छु ।

धन्यवाद ।

सेती महत

उपाध्यक्ष